बर्षभरी मासिक रुपमा गर्नु पर्ने कृषि कर्महरु :

| महिना | कृषि कर्म | कैफियत |
|---|---|---|
| बैशाख | • चैते धान गोडमेल गरी युरीया दिने ।<br>• मकै बाली गोडमेल गरी पहिलो टपड्रेस गर्ने ।<br>• बर्षे फलफूल लगाउनको लागी जग्गाको रेखाङ्कन गर्ने, खाडल खन्ने र मल हालेर पुर्ने काम गर्ने ।<br>• फलफूल बगैचामा सिंचाइ गर्ने ।<br>• धानको ब्याड राख्नको लागी माटोमा बस्ने किरा तथा रोग नियन्त्रणका लागी किटनासक तथा ढुसी नासक बिषादी वा जैबिक बिषादीले माटो उपचार गर्ने ।<br>• प्लाष्टीक गुमोज भित्र गोलभेडाको बिरुवा सार्ने । बिरुवा सार्ने बेलामा ३० मिनट सम्म बेभिष्टीनको घोलमा बिरुवाको जरा डुवाएर मात्र रोप्ने ।<br>• बाह्रै महिना सिंचाइ हुने खेतको लागी धानको ब्याड राख्ने ।<br>• खुर्सानी दल राख्ने ।<br>• लहरे तरकारीहरुको बीउ लगाउने ।<br>• असिनाबाट बिरुवा जोगाउन बिरुवालाई छहारीको ब्यवस्था गर्ने । | युरियाले टपड्रेस गर्दा सिफारिस मात्राको ४ भागको १ भागले गर्ने ।<br><br>बेभिष्टीनको घोल बनाउदा २ ग्राम बिषादी १ लिटर पानीमा मिसाएर बनाउने ।<br><br>माटो उपचारको लागी १ रोपनी जग्गामा १ के.जी. मालाथियन धुलो प्रयोग गर्ने । |
| जेठ | • मकैबालीमा दोश्रो टपड्रेस गर्ने ।<br>• धानको हिले तथा धुले ब्याड राख्ने ।<br>• काब्रे र ओख्ले जातको कोदोको ब्याड राख्ने ।<br>• बैशाख महिनामा सारेको गोलभेडाको बिरुवामा डडुवा रोकथामको लागी प्रति लिटर २ ग्रामका दरले ब्लाइटक्स-५० वा डाइथियन एम-४५ नामको ढुसीनासक बिषादी छर्ने ।<br>• प्लाष्टीक गुमोज भित्र गोलभेडाको बिरुवा सार्ने ।<br>• गुमोजको लागी प्लाष्टीक नहालेको भए सो हाल्ने नत्र गोलभेडामा डडुवा रोग लाग्न सक्छ ।<br>• भटमास रोप्ने ।<br>• मौरी पालन गरेको भए मह निकाली घार ब्यवस्थापन गर्ने । मौरीको घार बर्षाको पानीबाट बचाउनको लागी छापो नभए छापोको ब्यवस्था गर्ने र कमिलाबाट बचाउनको लागी स्टयाण्डमा पानीभरेको कचौरा राख्ने ।<br>• धान खेतमा हरियो मल प्रयोगको लागी कोशेबाली लगाउने ।<br>• मकैबालीमा टपड्रेस गरी उकेरा लगाउने ।<br>• टनेल भित्रको गोलभेडामा थाँका हाल्ने ।<br>• लहरेबालीलाई थाँका हाल्ने ।<br>• आलु भित्राइ बन्दा काउली लगाउनको लागी काउली तथा बन्दाको ब्याड राख्ने ।<br>• सदबहार फलफूलमा चोर हागा हटाउने । | |

वरिष्ठ कृषि विकास अधिकृत

| | | |
|---|---|---|
| असार | • धान रोपाइको लागी हरियो मल जोतेर माटोमा मिलाउने । कोशेबाली लगाएको छैन भने असुरो,तितेपाती, सिस्ने, बकाइनो, बनमारा, भटमासे,सिरिस, इपिल-इपिल आदी हरियो मलको रुपमा प्रयोग गर्न सकिन्छ ।<br>• धान र कोदो रोप्ने, मास भटमास, मस्याङ्ग, भुसेतिल,गहत आदी लगाउने ।<br>• लहरेबालीमा पोथी फूल बढी फुलाउनको लागी हर्मोनको प्रयोग गर्ने जस्तै : मल्टीप्लेक्सहरु छर्ने ।<br>• जेठमा रोपेको धान बालीमा युरियाले टपड्रेस गर्ने ।<br>• धान लगाउने खेतको मकैबाली भित्राउने ।<br>• आलु बाली भित्राउने र बिक्री बितरण तथा स्टोर गर्ने ।<br>• आलु भित्राइ काउली तथा बन्दाको बिरुवा सार्ने ।<br>• काउली बन्दाको ब्याड राख्ने ।<br>• किवी फलमा पानी हाँगा हटाउने ।<br>• बर्षे फलफूलको बिरुवा सार्ने । (अमिलोजात,एभोकाडो,आँप, लिची,)<br>• अलैचीको बिरुवा सार्ने ।<br>• प्लाष्टीक टनेलको गोलभेडा टिपेर बिक्री गर्ने ।<br>• कम्पोष्ट मल बनाउने । | |
| साउन | • धान र कोदो लगाउन बाँकी स्थानमा रोपाइ गर्ने ।<br>• धानबालीमा युरियाले टपड्रेस गर्ने ।<br>• अलैचीको दोश्रो नर्सरी स्थापना गर्ने ।<br>• मकैबाली भित्राउने ।<br>• काउली बन्दाको ब्याड राख्ने र बिरुवा सार्ने कार्य गर्ने ।<br>• धान तथा कोदोमा गबारो किराले दु:ख दिन भएकोले दैहिक बिषादी छर्ने ।<br>• धानबालीको अवस्था हेरी पहिलो र दोश्रो टपड्रेस गर्ने ।<br>• धान तथा कोदो बालीको गोडमेल गर्ने ।<br>• अलैचीको कृषकले डम्वरसाई जातको अलैची लगाएको भए बाली लिने बेला भएकोले बालीको निरिक्षण गरी बाली टिप्ने कार्य गर्ने ।<br>• मकै बाली भित्राइ सकेको जमिनमा काउली,बन्दा,ब्रोकाउली,<br>• केराउ,घिउ सिमी लगाउने ।<br>• प्याजको सेट रोप्ने । | |
| | • काउली बन्दाको बिरुवा सार्ने ।<br>• पछौटे जातको काउली बन्दा र रायोको ब्याड राख्ने । राजमा ,बकुल्ला सिमी,सिकिम लोकल र सर्लाही आर्केल केराउ, आकश,प्रकाश जातको बोडी र  घिउ सिमीको बीउ लगाउने । | |

बरिष्ठ कृषि विकास अधिकृत

| | | |
|---|---|---|
| भदौ | • कालो मासको बीउ छर्ने ।<br>• अघौटे काउली बालीमा टपड्रेस गर्ने ।<br>• अलैची बाली भित्राउने र सुकाउने ।<br>• उच्च पहाडी क्षेत्रमा लसुन रोप्ने । | नेपाल सरकार ... कृषि विभाग ... कृषि निर्देशनालय, ... जिल्ला कृषि विकास कार्यालय दोलखा |
| असौज | • रामसाइ र गोलसाइ जातको अलैची टिप्ने बेला भयो ।<br>• धानबालीमा पतेरोको आक्रमण हुन सक्छ होसियार हुने ।<br>• काउली, बन्दा, रायो, मूला,सलगम, स्वीसचार्ड, चम्सुर, पालुङ्गो,केराउ,लसुन र बकुल्ला सिमी लगाउने ।<br>• अघौटे आलु लगाउने बेला भयो लगाउने ।<br>• पाखो बारीमा गहुँ लगाउन जमिनको तयारी गर्ने ।<br>• प्याजको ब्याड राख्ने ।<br>• स्नेमिस्टीक जातको काउलीको ब्याड राख्ने ।<br>• प्याजको सेट रोपेको भए बाली भित्राउने ।<br>• मौरी पालक कृषकले घार निरिक्षण गर्ने र मह निकाल्ने । | |
| कात्तिक | • अघौटे काउली बाली भित्राउने<br>• धान बाली भित्राउने ।<br>• उच्च पहाडमा गहुँबाली लगाउने ।<br>• मध्येपहाडमा गहुँबाली लगाउनको लागी जमिनको तयारी गर्ने<br>• किवी तथा सुन्तलाजात फलफूल टिप्ने बेला भयो । फलफूल बजारको माग अनुसार ग्रेडिङ्ग गरी बिक्री गर्ने ।<br>• धानबाली थन्क्याउनको लागी भकारीको ब्यवस्था र जैबिक तथा रासायनिक बिषादीको ब्यवस्था गर्ने जस्तै : बोझो, निम पात, टिमुर, सेल्फस चक्की आदी ।<br>• खेतमा आलु लगाउने बेला भयो ।<br>• बकुल्ला सिमी र प्याज,लसुन लगाउने ।<br>• हरियो प्याज तयार गर्न प्याजको बिरुवा बाक्लो गरी सार्ने । | |
| मंसिर | • धान र कोदो बाली भित्राउने ।<br>• गहुँ छर्ने र आलु लगाउने ।<br>• कार्तिकमा छरेको गहुँमा सिंचाइ गरी टपड्रेस गर्ने ।<br>• सुन्तला जात र किवी फल टिप्न बाकी भए टिप्ने र ग्रेडिङ्ग गरी बिक्री तथा स्टोर गर्ने ।<br>• धानबाली भण्डारण गर्ने । भण्डारण गर्नु भन्दा अगाडी ४-५ दिन सम्म सुकाई चिस्यानको मात्र कम्तीमा १२ % कायम गरी भण्डारण गर्नु राम्रो हुन्छ ।<br>• भण्टा, खुर्सानी आदीको पुरानो बोटलाई शित र तुसारोबाट बचाउनको लागी छहारीको र ब्यवस्था गर्ने ।<br>• गहुँबालीमा सिंचाइ दिने । | |

बरिष्ठ कृषि विकास अधिकृत

| | | |
|---|---|---|
| | • फल टिपी सकेको फलफूलको बगैचा सरसफाइ गरी मल तथा पानी दिई मल्चीङ्गको व्यवस्था गर्ने ।<br>• प्याजको बिरुवा सार्ने ।<br>• हिउदे फलफूल रोप्नको लागी खाडल खनी मल हालेर बिरुवा रोप्नको लागी तयार गर्ने । | नेपाल सरकार<br>कृषि विभाग<br>निर्देशनालय,<br>जिल्ला कृषि विकास कार्यालय<br>दोलखा |
| पौष | • हिउदे आलुलाई उकेरा दिई सिंचाइ गर्ने ।<br>• उच्च पहाडी क्षेत्रमा बर्षे आलु लगाउनको लागी जग्गाको तयारी गर्ने ।<br>• पतझड फलफूलको काँटछाँट गरी बोर्डो पेष्ट लगाउने ।<br>• फलफूलको बोटमा औंठी तरिकाले कुलेसो खनी मल तथा मलखाद दिइ सिंचाइ गर्ने ।<br>• काउली ,बन्दा, रायो, मूला भित्राउने ।<br>• मौरीपालक कृषकले मौरीलाई चिसोबाट बचाउनको लागी आवश्यक व्यवस्था गर्ने र १ भाग चिनी १ भाग पानीको मात्रामा चिनी चास्नीको व्यवस्था गर्ने ।<br>• बेमौसमी काका खेतीको लागी पोली ब्यागमा बेर्ना जमाउने ।<br>• काउली खेतीमा बोरनको कमीको लक्षण देखिएमा २ ग्राम बोरन प्रति लिटर पानीमा मिसाइ स्प्रे गर्ने ।<br>• बर्षे आलु लगाउन शुरु गर्ने ।<br>• खाडल खनी मल मिसाइ बिरुवा रोप्न तयार गरी राखेको खाडलमा हिउदे फलफूल लगाउने । जस्तै : आरु,आरुबखडा,हलुबेद,नास्पाती,स्याउ,ओखर,लप्सी, किवी,<br>• माटो परिक्षण शिबिर संचालन गर्ने समय भयो ।<br>• माटो परिक्षणको लागी माटोको नमूना संकलन गर्ने ।<br>• किवी फलमा काँटछाँट गरी बेभिष्टीनको पेष्ट बनाइ काटेको घाउमा लगाउने ।<br>• प्याजको सेट उत्पादन गर्नको लागी प्याजको दल राख्ने । | बोर्डोपेष्ट बनाउन चाहिने सामाग्री :-<br>निलोतुथो १ भाग<br>आलसको तेल १ भाग<br>~~बिजुली~~ चुना १ भाग<br>(१:१:१)<br><br>खाद्यान्न र तरकारी बालीको लागी ६-९ इन्च गहिराइ सम्मको माटो र फलफूल खेतीको लागी ३ फिट गहिरो सम्मको माटोको नमूना लिने । |
| माघ | • बर्षे आलु लगाइ सक्ने ।<br>• पतझड फलफूलको काँटछाँट गरी बोर्डो पेष्ट लगाउने ।<br>• हिउदे फलफूलको बिरुवा लगाउने ।<br>• फलफूलको काँटछाँट गरी मल दिइ सिंचाइ गर्ने र फेदमा मल्चीङ्ग गर्नें ।<br>• माटो परिक्षणको लागी प्रयोगशाला वा माटो शिबिरमा पठाउने<br>• मकैबाली लगाउनको लागी जमिन खन जोत गरी कम्पोष्ट मल मिलाई जग्गा तयार गर्ने ।<br>• कन्ये च्याउ खेती शुरु गर्ने । | |
| | • कन्ये च्याउ लगाउने ।<br>• मकै बाली लगाउने ।<br>• लहरे तरकारीको बीउ लगाउने जस्तै : काका,फर्सि,घिरौला, | |

बरिष्ठ कृषि विकास अधिकृत

| | | |
|---|---|---|
| फागुन | लोका, चिचन्डा, मकै बोडी, सिमी ।<br>• खुर्सानी,भण्टा, टमाटर,रामतेरियाको ब्याड राख्ने ।<br>• केरा खेतीको लागी तरवारे सकर छनौट गरी २ मिटरको फरकमा बिरुवा सार्ने ।<br>• फलफूल बगैचामा मल हालेर सिंचाइ गर्ने ।<br>• बेसी क्षेत्रमा मौरीको गोला छुटाउने कार्य गर्ने ।<br>• बेंसी क्षेत्रमा चैतेधानको ब्याड राख्ने ।<br>• अदुवा र बेसारको बीउ लगाउने र मल्चीङ्ग गर्ने ।<br>• हिउदे आलु खन्ने ।<br>• अलैची बगानमा सरसफाई गरी गानो हुहिने रोग रोगथामको लागी ढुसीनासक बिषादी छर्ने । | |
| चैत | • चैतेधान रोपाइ गर्ने ।<br>• हिउदे आलु खन्न बाकी भए खन्ने ।<br>• भण्टा,गोलभेडा,खुर्सानी ,भेडेखुर्सानीको बेर्ना सार्ने ।<br>• फलफूल बगैचामा सिंचाइ गर्ने ।<br>• अलैची बगानमा सरसफाई गरी गानो हुहिने रोग रोगथामको लागी ढुसीनासक बिषादी छर्ने ।<br>• अलैची बगानमा पानी जमेको भए निकासको ब्यवस्था गर्ने र पानीको कमी भए कृतिम सिंचाइ गर्ने ।<br>• उच्चा पहाडी क्षेत्रमा मौरी गोला बढाउने हो भने बिभाजन गर्ने, मह निकाल्ने हो भने सुपर थप्ने ।<br>• मकैबाली गोडमेल गरी पहिलो टपड्रेस गर्ने ।<br>• केराको बिरुवा लगाउन बाँकी भए लगाउने ।<br>• बर्षे आलुलाई उकेरा दिने र सिंचाइ सम्भव भए सम्म सिंचाइ गर्ने । | |

नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विभाग
कृषि निर्देशनालय, 
जिल्ला कृषि विकास कार्यालय
दोलखा

बरिष्ठ कृषि विकास अधिकृत